१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १५६ ।। २०८१ श्रावण ०१ गते मंगलबार (16th Jul 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

## कन्डक्टरले बस चलाउँदा मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस) । कन्डक्टरले चलाएको बसले सोमवार साँझ झापाको कन्काईमा मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । साँझ अन्दाजी ७ बजेको समयमा कन्काई नगरपालिका वडा नम्बर २ पवित्रा पेट्रोल पम्पनजिक पूर्वपश्चिम राजमार्गमा विराटनगरबाट सो बसले दिउँसो ४.३० बजे बेलवारीमा अर्को मोटरसाइकललाई ठक्कर दिएको थियो । बसले मोटरसाइकल चालकलाई सामान्य ठक्कर दिई सवारी दुर्घटना हुँदा बस चालक ईलाम माई नगरपालिका वडा नम्बर ८ बस्ने अन्दाजी बर्ष २२ का सागर थुलुङ राई सोही स्थानमा झरी घाइते पक्षसंग छलफल गर्न बसेका थिए ।




काँकडभिट्टातर्फ आउँदै गरेको प्रदेश १-०१-००१ ख ३४२३ नम्बरको बसले बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको को १९ प ६२८२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक कमल गाउँपालिका वडा न. ५ बस्ने बर्ष अन्दाजी ४१ का लक्ष्मीप्रसाद सुब्बाको मृत्यु भएको हो । तत्काल नाम, थर, वतन नखुलेका घाइतेलाई बीएण्डसी हस्पिटल ल्याइएकोमा राति ८ चिकित्सकले मृत घोषणा गरेका थिए । धरानबाट काँकडभिट्टातर्फ आउने क्रममा सोही स्थानबाट बसका कन्डक्टर शिवसताक्षी नगरपालिका वडा न. ६ बस्ने बर्ष अन्दाजी २७ का पुण्य सिटौलाले चलाई ल्याउने क्रममा दुर्घटना भएको थियो । दुर्घटना गराउने सिटौला फरार रहेका छन् । फरार रहेका बसका चालक राई र सह-चालक बिराटनगर महानगरपालिका वडा नम्बर २ बस्ने वर्ष अन्दाजी १९ का दिपेश दर्जीलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ओली सरकारमा ९ नयाँ, १२ पुरानामन्त्री



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको २२ सदस्यीय मन्त्रिपरिषद्मा १२ जना पुराना र ९ जना नयाँ मन्त्री बनेका छन् । मन्त्रिपरिषद्मा नयाँ र पुरानाको समिश्रण देखिएको छ । पुराना मन्त्रीहरूमा भने दोस्रोपटक बन्नेदेखि १३ औं पटकसम्म दोहोरिने समेत छन् ।

यस्तो छ मन्त्रिपरिषद्को झलक

**दुई उपप्रधानमन्त्री**

ओली नेतृत्वको यो मन्त्रिपरिषद्मा दुई उपप्रधानमन्त्री बनेका छन् । कांग्रेसबाट प्रकाशमान सिंह र एमालेबाट विष्णु पौडेल उपप्रधानमन्त्री बनेका छन् । सिंहलाई सहरी विकास र पौडेललाई अर्थमन्त्रालयको जिम्मेवारी दिइएको छ । सिंह र पौडेल विगतमा पनि पटक पटकमन्त्री भएका व्यक्ति हुन् ।

**दुई महिलामन्त्री**

ओलीको यो मन्त्रिपरिषद्मा दुई जना महिलामन्त्री बनेका छन् । कांग्रेसबाट आरजु राणा परराष्ट्रमन्त्री बनेकी छन् । एमालेबाट विद्या भट्टराई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रि बनेकी छन् । दुवै जना पहिलोपटक मन्त्री बनेका हुन् । राणा प्रतिनिधिसभामा समानुपातिकबाट सांसद हुँदै हाल कृषि समितिको सभापति बनेकी थिइन् । भट्टराई कास्की २ बाट निर्वाचित सांसद हुन् । राणासँग विगतमा सामाजिक क्षेत्रमा काम गरेको अनुभव छ । भट्टराई त्रिविकी पूर्व उपप्राध्यापक हुन् ।

**कांग्रेसबाट ५ र एमालेबाट ४ नयाँ मन्त्री**

यसपटक कांग्रेस र एमालेले मन्त्रिपरिषद्मा ९ जना नयाँ अनुहार पठाएका छन् । कांग्रेसबाट परराष्ट्रमन्त्री आरजु राणा, वनमन्त्री ऐनबहादुर शाही, स्वास्थ्यमन्त्री प्रदीप पौडेल, पर्यटनमन्त्री बद्री पाण्डे र कृषिमन्त्री रामनाथ अधिकारी पहिलोपटक मन्त्री बनेका हुन् ।

ऊर्जामन्त्री दीपक खड्का र युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी यसअघि राज्यमन्त्री बनेका थिए । राज्यमन्त्री बनिसकेकाले सरकारमा उनीहरू पहिलोपटक नभएपनि क्याबिनेट मन्त्रीको रुपमा पहिलोपटक छिरेका हुन् । कानुनमन्त्री अजय चौरसिया २०५८ सालमा स्थानीय विकास सहायक मन्त्री बनेका थिए । क्याबिनेट मन्त्रीको रुपमा चाहिँ उनी पनि पहिलोपटक छिरेका हुन् ।

एमालेबाट रक्षामन्त्री मनवीर राई, शिक्षामन्त्री विद्या भट्टराई, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल र संघीय मामिला मन्त्री राजकुमार गुप्ता पहिलोपटक मन्त्री बनेका हुन् ।

❖ बाँकी तेस्रो पृष्ठमा

## भण्डारी २० औं पटक मन्त्री

झापा(प्रस) । चार महिना अगाडि मात्रै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट बाहिरिएका लोसपा नेता शरतसिंह भण्डारीभण्डारी फेरि त्यही मन्त्रालयमा फर्किएका छन् । पञ्चायतदेखि बहुदल हुँदै गणतन्त्रसम्म आइपुग्दा उनको सिंहदरबार यात्रा रेकर्डस्तरमा २०औं पटक पुगिसकेको छ ।

भण्डारीको सिंहदरबार यात्रा पञ्चायतकालमा सहायक मन्त्रीबाट सुरु भएको थियो । २०४३ असार २ मा पञ्चायत व्यवस्थाका अन्तिम प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठले उनलाई पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री बनाए । त्यहाँबाट सुरु भएको भण्डारीको मन्त्री यात्राले बहुदलीय व्यवस्था हुँदै गणतन्त्रसम्म निरन्तरता पाइरहेको छ । २०४४ साल फागुनमा मन्त्रिमण्डल पुनर्गठन भएपछि श्रेष्ठकै मन्त्रिपरिषद्मा उनी वाणिज्य राज्यमन्त्रीमा बढुवा भए । श्रेष्ठको मन्त्रिपरिषद् ०४६ साल भदौ १४ र चैत १९ मा हेरफेर हुँदा पनि उनले राज्यमन्त्रीमै निरन्तरता पाइरहे ।

❖ बाँकी तेस्रो पृष्ठमा

## दाहाल शिक्षकदेखि मन्त्रीसम्म

झापा(प्रस) । झापा दमकका स्थायी बासिन्दा एवं नेकपा एमालेका नेता देवेन्द्र दाहालले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वमा बनेको नयाँ मन्त्रिमण्डलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।
देवेन्द्र दाहाल, नेपाली राजनीतिमा स्थापित नाम हो । उच्च जिम्मेवारीहरु पनि 'लो प्रोफाईल' मा बसेर काम गर्ने स्वभावका दाहालको जन्म २०१५ साल भदौ १६ गते ताप्लेजुङमा भएको हो ।
दमक नगरपालिका वडा नं ५ मा स्थाई र अस्थायी रुपमा सूर्यविनायक नगरपालिका वडा नं ४ भक्तपुरमा बसोबास गर्दै आएका दाहालले हाल नेकपा एमालेको पोलिटव्यूरो सदस्य एवम् पार्टीको स्थानीय विकास विभागको प्रमुखको जिम्मेवारी

❖ बाँकी तेस्रो पृष्ठमा

# सिमलताल दुर्घटनामा बेपत्तामध्ये १३ जनाको शव भेटियो

झापा(प्रस) । चितवनको भरतपुर-२९ सिमलतालमा शुक्रबार बिहान गएको पहिरोले बगाएर बेपत्ता भएका यात्रुमध्ये १३ जनाको शव भेटिएको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा नौ, चितवनमा तीन र नवलपरासी (बर्दघाट-सुस्तापश्चिम)मा एउटा शव भेटिएको हो ।
जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलले सोमबार मात्रै जिल्लामा चारवटा शव भेटिएको जानकारी दिए ।
नवलपुरमा मात्रै हालसम्म नौ वटा शव भेटिएका छन् । तीमध्ये पाँचको पहिचान खुलेको र ती बेपत्ता बसका यात्रु रहेको पुष्टि भएको पौडेलले जानकारी दिए ।
सोमबार त्यहाँ चारवटा शव भेटिएका थिए । ती शवको पहिचान हुन सकेको छैन । शव पहिरोमा परेर बेपत्ता भएका यात्रुको हुनसक्ने भन्दै सोहीअनुसार अनुसन्धान अगाडि बढाइएको प्रहरी नायब उपरीक्षक पौडेलको भनाइ छ ।
सोमबार बिहान गण्डक ब्यारेज पुलमा भेटिएका दुई शवमध्ये एउटा करिब १९ वर्षीया महिला र अर्को करिब ३० वर्षीय पुरुष रहेको प्रहरीले जनाएको छ । यस्तै सोमबारै मध्यविन्दु-२ भुताहास्थित नारायणी नदीको टापुमा भेटिएको शव करिब ४५ वर्षीय पुरुषको तथा विनयी त्रिवेणी गाउँपालिका-७ गण्डक ब्यारेजको पुलमा करिब १३ वर्षीय बालकको रहेको पौडेलले जानकारी दिए ।

जिल्लाको गैँडाकोट-७ गैरीमा भेटिएका दुईवटा शवमध्ये एउटा सर्लाहीको बरहथवा नगरपालिका-३ का १९ वर्षीय रमित कसुर माझी र अर्को चितवनको माडी-१ का २२ वर्षीय विकास परियारको भएको



पौडेलले बताए । माझीको शव बुवा रवीन्द्र कुसर माझीले तथा परियारको शव दाजु विजय परिवारले पहिचान गरेका थिए ।
माझी काठमाडौँबाट रौतहट जाने गणपति डिलक्सको बागमती प्रदेश ०३-००१ख-२४९५ र परियार वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एन्जल डिलक्सको बागमती प्रदेश ०३-००६ख- १५१६ नम्बरको बसमा सवार यात्रु भएको जनाइएको छ ।

शनिबार गैँडाकोट-७ गैरीमा भेटिएको अर्को शव भारतको बिहार राज्यस्थित बेतियाका ३० वर्षीय सजाद अन्सारी भएको पौडेलले जानकारी दिए। अन्सारी वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एन्जल डिलक्सको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको बसमा सवार यात्रु हुन् । यस्तै आइतबार साँझ जिल्लाको विनयी त्रिवेणी गाउँपालिका-७ स्थित ब्यारेजको गण्डक नहरमा भेटिएका दुवै शवको सोमबार बिहान पहिचान भएको छ । गण्डक नहरमा भेटिएकामध्ये एउटा चितवनको भरतपुर-२२ का २३ वर्षीय सुदीप विक रहेको बुवा सोमबहादुर विकले पहिचान गरेका थिए ।

सुदीप वीरगञ्ज जाँदै गरेको एन्जल डिलक्सका यात्रु हुन् । यसैगरी अर्को शव रौटहटको जमुनामाई गाउँपालिका-४ का १७ वर्षीय राहुम मियाँको भएको उनका बुवा इस्लम मियाँले पहिचान गरेका छन् । मियाँ गणपति डिलक्समा काठमाडौँबाट गौर जाँदै थिए ।
पहिरामा परी बेपत्ता भएकामध्ये चितवनतर्फ भारतको सीतामाडी बर्गिनियाका २८ वर्षीय ऋषिपाल साह, भारतकै सीतामाडी बेतियाका ३० वर्षीय जयप्रकाश ठाकुर रहेका छन् । आइतबार नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) मा भेटिएको शव बाराको साविक विश्रामपुर गाविस-४ का ४३ वर्षीय परमानन्द पण्डितको भएको र अर्का करिब ३५ वर्षीय पुरुषको पहिचान हुन नसकेको जनाइएको छ ।
हालसम्म तीनवटा जिल्लामा भेटिएका १३ वटा शवमध्ये पाँचवटा शवको पहिचान हुन सकेको छैन । पहिचान खुलेका सबै शव चितवनको भरतपुर अस्पताल पठाइएको र बाँकी शवको पहिचान खुलेपछि भरतपुर पठाइने प्रहरी नायब उपरीक्षक पौडेलको भनाइ छ ।
सिमलताल पहिरोमा परेर हराएको वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एन्जल डिलक्सको बसमा कम्तिमा २४ जना र काठमाडौँबाट रौतहटको गौरतर्फ जाँदै गरेको गणपति डिलक्समा कम्तीमा २७ यात्रु रहेको चितवन प्रशासनले जनाएको छ । बसमा सवार यात्रुमध्ये तीनजना त्रिशूली नदीमा पौडी खेलेर बाँच्न सफल भएका थिए ।

## सरकारले राहत उपलब्ध गराउने



झापा(प्रस) । सरकारले बाढी पहिरोका कारण मृत्यु भएकाहरूको परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ। सोमबार सिंहदरबारमा बसेको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले बाढी पहिरोका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृत्यु भएकाहरूको परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको हो।
बिपद्का कारण बेपत्ता भइ घटना घटेको १० दिनसम्म फेला पर्न नसकेका व्यक्तिका परिवारलाई मृतक सरह राहत उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए।

## साहित्य चौतारीद्वारा स्रष्टाहरु रथारोहणसहित अभिनन्दित

विर्तामोड(प्रस) । साहित्य चौतारीले आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसर पारेर सोमवार अग्रज पत्रकार तथा साहित्यकार नकुल काजीलगायतका स्रष्टालाई रथारोहणसहित सम्मान गरेको छ । चौतारीका अध्यक्ष देवीभक्त श्रेष्ठको अध्यक्षता र ललित कला प्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छालीको प्रमुख आतिथ्यमा भएको सम्मान कार्यक्रममा साहित्यकारहरु नकुल काजी, गायक शान्ति ठटाल, लक्ष्मी

❖ बाँकी अन्तिम पृष्ठमा



# डी.कौडिन्य पत्रकारिता पुरस्कार रेग्मी र लामालाई



बिर्तामोड(प्रस) । डी. कौडिन्य पत्रकारिता पुरस्कार पत्रकारद्वय झुलन रेग्मी र डिकेश लामालाई संयुक्त प्रदान गरिने भएको छ । जनपक्षीय पत्रकार देवकुमार आचार्य (डी.कौडिन्य)को स्मृतिमा प्रेस सेन्टर नेपाल झापाले स्थापना गरेको सो पुरस्कार यस वर्ष मेचीखबर साप्ताहिकका प्रधान सम्पादक तथा प्रेस सेन्टर झापाका निवर्तमान अध्यक्ष रेग्मी र नेपाल टेलिभिजनका झापा सम्वाददातासमेत रहेका प्रेस सेन्टर कोशी प्रदेश समिति सदस्य एवम् पत्रकार महासंघ झापा शाखाका सचिव लामालाई संयुक्त रुपमा प्रदान गर्ने निर्णय भएको प्रेस सेन्टर झापाका अध्यक्ष राजु पाठकले जानकारी दिए । असार ३१ गते बसेको प्रेस सेन्टर झापाको बैठकले पुरस्कृत व्यक्तित्व छनोटसँगै पुरस्कारको राशिसमेत बढाएको अध्यक्ष पाठकले बताए । स्थापनाकालमा ११ हजार रुपैयाँ राशि भएको डी. कौडिन्य पत्रकारिता पुरस्कारको राशि केही वर्ष यता २१ हजार रुपैयाँ थियो । उनले भने, 'यस वर्षबाट पुरस्कारको राशि ४२ हजार पुऱ्याउने निर्णय भएको छ ।'
पुरस्कार डी. कौडिन्यको स्मृति दिवसको अवसरमा साउन ७ गते वितरण गरिने अध्यक्ष पाठकले बताए ।

# जन्मदिनको अवसरमा शिक्षा क्षेत्रमा सहयोग



मेचीनगर(प्रस) । आफ्नो जन्मदिनको अवसरमा मेचीनगर नगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव होमनाथ भण्डारीले शिक्षा क्षेत्रमा सहयोग गरेका छन् । उनले एक स्थानीय सामुदायिक विद्यालयका विद्यार्थीलाई पुरस्कार, शिक्षक शिक्षिकालाई सम्मान र विद्यालयको अक्षयकोषमा सहयोग गरेका हुन् ।
भण्डारीले मेचीनगर ५ स्थित बाल कल्याण माध्यमिक विद्यालयबाट एसईई परीक्षा २०८० मा सामेल भएर सर्वोत्कृष्ट नतिजा ल्याउन सफल छात्रा अप्सना पुरीलाई पुरस्कारस्वरुप नगद पाँच हजार रुपैयाँ प्रदान गरे । त्यस्तै आफ्नो विषयमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल शिक्षक शिक्षिका दिपाकुमारी भारती र प्रकाश शर्मा घिमिरेलाई सम्मान गरेको प्रधानाध्यापक नारायणप्रसाद न्यौपानेले जानकारी दिए ।जन्मदिनमा फजुल खर्च गर्नुभन्दा परोपकारी र रचनात्मक कार्य गरौं भन्ने उद्धेश्यले जेहेन्दार र विपन्न विद्यार्थीलाई नगदसहित पुरस्कृत तथा शिक्षक शिक्षिकालाई सम्मान गरेको उपसचिव भण्डारीले बताए ।
त्यस्तै उपसचिव भण्डारीले विद्यालयले स्थापना गरेको बाल कल्याण मावि बृद्धि विकास सामूहिक अक्षयकोषमा नगद छ हजार एकसय ५१ रुपैयाँ प्रदान गरेका छन् ।

# चुरा र मेहेन्दी किन्नेको भीड



बिर्तामोड(प्रस) । साउन महिना लाग्दै गर्दा बजारमा हरियो , पहेलो चुरा र मेहेन्दी किन्नेहरुको भीड लागेको छ । सोमवार बिर्ताबजारमा लागेको हटियामा हरियो, पहेलो चुरा र मेहेन्दी किन्ने महिलाहरुको कस्मेटिक पसलहरुमा भीड लागेको थियो । कोही चुरा र मेहेन्दी छान्न , कोही लगाउन व्यस्त देखिन्थे । साउनमा अधिकांश महिलाका हातमा मेहन्दी र रातो, हरियो, पहेलो चुराले सजिएको हुन्छ । नेपाली परम्पराअनुसार साउनलाई विशेष महत्वको महिना मानिन्छ । नेपाली महिलाले साउनको हरेक सोमबार भगवान शिवको आराधना वा ब्रत बसेर पनि मनाउने गर्छन् । पछिल्लो समय फेसन बनेको हरियो चुरा, हरियो पहिरन, मेहेन्दी लगाउनुको पछाडि धार्मिक महत्व रहेको विश्वास गरिन्छ ।

साउन महिना धार्मिक, सांस्कृतिक एवम् प्राकृतिकसहित हरेक दृष्टिकोणले महत्वपूर्ण रहेकाले यो महिनाभरि धेरै महिला हरियो चुरा र मेहन्दी लगाउने चलन रहेको संस्कृतिविद् जगमान गुरुङ बताउँछन् ।

# स्पेन चौथोपल्ट युरो च्याम्पियन



एजेन्सी । स्पेनले इंग्ल्यान्डलाई २-१ ले पराजित गर्दै आइतबार कीर्तिमानी चौथो पल्ट युरोपेली च्याम्पियन भएको छ । बर्लिनमा भएको युरो २०२४ को फाइनलमा स्पेनका लागि ओयरजाबलले ८६औं मिनेटमा निर्णायक गोल गरे ।
पूरा प्रतियोगितामा अपराजित रहेको स्पेनले सबै खेल जितेर यो उपाधि चुमेको हो । खेलको ४७ औं मिनेटमा स्पेनले निको विलियम्सको गोलले अग्रता लिएको थियो । उनका लागि लामिन यमलले पास उपलब्ध गराएका थिए । सब्स्टिच्युट कोल पाल्मरले इंग्ल्यान्डका लागि ७३औं मिनेटमा बराबरी गोल फर्काए । युरो फाइनलमा इंग्ल्यान्डको यो लगातार दोस्रो हार हो । युरो २०२० मा पनि इंग्ल्यान्ड फाइनलमा इटालीसँग पराजित रहेको थियो ।
यससँगै इंग्ल्यान्डको ठूलो उपाधि जित्ने अभियान ५८ वर्षयता फेरि अधुरो नै रह्यो । इंग्ल्यान्डले सन् १९६६ मा विश्वकप उचालेयता कुनै पनि उपाधि जित्न सकेको छैन।
उपाधि जितेसँगै विश्व फुटबलमा स्पेनले आफ्नो प्रभुत्वलाई फेरि कायम राख्न सफल भएको छ । स्पेनले यसअघि सन् १९६४, २००८ र २०१२ मा युरोको उपाधि जितेको थियो ।

# अर्जेन्टिना लगातार दोस्रोपल्ट कोपा अमेरिका च्याम्पियन



एजेन्सी । सब्स्टिच्युट लउटारो मार्टिनेजले अतिरिक्त समयमा गरेको गोलमा अर्जेन्टिनाले कोपा अमेरिकाको फाइनलमा कोलम्बियालाई १-० ले पराजित गर्दै सोमबार उपाधि जितेको छ । यससँगै डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले उपाधिको रक्षा पनि गरेको छ ।

विश्व च्याम्पियन पनि रहेको अर्जेन्टिनाले कोपा अमेरिका जितेको यो लगातार दोस्रो पल्ट हो । निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगेपछि प्रतिस्पर्धा अतिरिक्त समयमा गएको हो ।
त्यसको १ सय १२ औं मिनेटमा जियोभानी लो सेल्सोको सटिक पासमा इन्टर मिलानका फरवार्ड मार्टिनेजले गोल गरेका हुन् । यस जितसँगै अर्जेन्टिना कोपा अमेरिकाको सबैभन्दा सफल टिम भएको छ ।
उसले दक्षिण अमेरिकी फुटबलका सबैभन्दा ठूलो प्रतियोगिता जितेको यो १६ पटक हो । यसअघि १५ पटक जितेर उरुग्वेसँग बराबरीमा रहेको थियो ।अर्जेन्टिनाका लागि एन्जेल डी मारियाले अन्तिम पटक खेले र यससँगै उनले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिएका छन् । सम्भवतः आफ्नो अन्तिम कोपा अमेरिका खेलिरहेका लियोनल मेसी भने पूरा समय मैदानमा रहेनन् । चोटका कारण खेलको ६५ औं मिनेटमा उनी मैदान छाड्न बाध्य भए ।

# पहिरोले पाँचथर फालेलुङका ६ घरपरिवार विस्थापित



झापा(प्रस)। पहिरोका कारण पाँचथर फालेलुङ गाउँपालिका ३ ताङलेपा पुछार टोलका ६ घर विस्थापित भएका छन् । असार २९ गते राति परेको अविरल बर्षाका कारण पहिरो झरी पुछार टोलका ६ परिवारका २३ जना विस्थापित भएका हुन् ।
विस्थापित हुनेहरुमा गौरीभक्त केरुङ , कृष्णबहादुर केरुङ , मदन जगेबु , भिमबहादुर जबेगु,प्रेम केरुङ र जन्म केरुङको परिवार रहेका छन् । उनीहरुलाई सुरक्षित स्थानमा सारिएको प्रहरी चौकी थोक्लिम्वाले जनाएको छ ।

# ब्राउनसुगरसहित ६ जना पक्राउ



झापा(प्रस) ।झापा र मोरङका विभिन्न स्थानबाट सोमवार दिउँसो प्रहरीले लागूऔषध ब्राउनसुगरसहित ६ जनालाई पक्राउ गरेको छ पक्राउ पर्नेमध्ये झापा बिर्तामोड नगरपालिका ३ का १९ बर्षीय विवेक खड्का र २१ बर्षीय सरोज चौधरी रहेका छन् । उनीहरुलाई भद्रपुर नगरपालिका ५ स्थित मेची पुलबाट २७० मिलिग्राम ब्राउनसुगरसहित मेची पुल बिटबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।
त्यस्तै मोरङ सुन्दर हरैचा नगरपालिका ४ का २१ बर्षीय मनिष चौधरी, २५ बर्षीय अशोक ऋषिदेब, ३१ बर्षीय नबिन कार्की र ३२ बर्षीय बिष्णु चौधरीलाई २.१५ ग्राम ब्राउनसुगरसहित विराटनगर महानगरपालिका १५ स्थित १ नम्बर ढाँटबाट लागूऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ । ब्राउनसुगरसहित पक्राउ परेका सबै जनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कुवेतमा सडक दुर्घटनामा परी बिर्तामोडकी तामाङको मृत्यु

झापा(प्रस) । कुवेतमा वैदेशिक रोजगारीमा गएकी एक नेपाली महिलाको सडक दुर्घटनामा परी मृत्यु भएको छ । झापा बिर्तामोड नगरपालिका-९ घर भएकी २६ वर्षीया जलिना तामाङको कुवेतको मंगाफ क्षेत्रमा बिहीबार सडक दुर्घटनामा परी मृत्यु भएको हो ।
उनलाई बाटो काट्ने क्रममा कारले ठक्कर दिएको पारिवारिक स्रोतले जनाएको छ । अल-जजिरा कम्पनीमा कार्यरत उनी चार महिनाअघि कुवेत गएकी थिइन् । उनको एक छोरी र श्रीमान् रहेको पारिवारिक स्रोतले जनाएको छ ।


## भिडियो एक्सरे मेसिन लिलाम बिक्रीमा

**यस मनमोहन अस्पताल बिर्तामोड झापामा रहेको (सामसुङ कम्पनीको मोडल नं. Accuvix XG) को भिडियो एक्सरे मेसिन लिलाम बढाबढबाट बिक्रीका लागि ७ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।**

| विवरण | ब्राण्ड | न्यूनतम बिक्रि मूल्य |
|---|---|---|
| भिडियो एक्सरे मेसिन, कलर डप्लर | सामसुङ कम्पनीको मोडल नं. Accuvix XG | रु. ४२५०००० /- |

सम्पर्क :
अस्पताल प्रशासन शाखा
फोन नं. ०२३५३५२५१


## साहित्य...

जोशी, प्राडा टंक नेउपाने, कवि कुन्ता शर्मा, कलाकार विक्रमश्री, प्राडा गङ्गाप्रसाद अधिकारी, कलाकार अनुराधा थापा, मनु मञ्जिल, शिवशङ्कर थापा अतिथि रहेका थिए ।
गायिका शान्ति ठटाल, लक्ष्मी जोशी र नकुल काजीलाई रथारोहण गरिएको थियो भने गंगाप्रसाद उप्रेती, जगमान गुरुङ, गणेश रसिक, टंक न्यौपाने, गंगाप्रसाद अधिकारी, शम्भु राई, कुन्ता शर्मा, अनुराधा थापा, विक्रमश्री र मनु मञ्जिललाई अभिनन्दन गरिएको थियो । भाषाविद् चुडामणि रेग्मीलाई पनि रथारोहण गरिने भनिएकोमा स्वास्थ्यका कारण उनी उपस्थित हुन सकेनन् ।
अभिनन्दित तथा पुरस्कृतमध्ये प्राडा टङ्क नेउपाने, लक्ष्मी जोशी, कुन्ता शर्मा, मनु मञ्जिलले संक्षिप्त भनाइसँगै लक्ष्मी जोशीले गीत गाइन् भने कुन्ता शर्मा र मनु मञ्जिलले कविता सुनाएका थिए । दार्जिलिङ तथा सिलिगडीबाट ४० जनाभन्दा बढी स्रष्टा साहित्यकारहरु उपस्थित रहेको सो कार्यक्रममा झापाका अधिकांश साहित्यकारहरु उपस्थित थिए । कार्यक्रममा अढाईसय बढी स्रष्टा सर्जकको उपस्थिति थियो । बीचबीचमा रमाइला नृत्य पनि प्रस्तुत भएका थिए ।


## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश, झापा जिल्ला,अर्जुनधारा नगरपालिका वडा नं.-७ मा बस्ने श्री कुलमान बस्नेतकी छोरी,श्री भिमबहादुर गौतमकी पत्नी,श्री जानुका देवी गौतमको मिति वि.सं.२०८१/०१/१७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय विर्तामोडमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान श्री भिम बहादुर गौतमले मिति वि.सं.२०८१/०२/१७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश



Admission Open
in Class 11
Both in English & Nepali Medium
Science | Management | Education | Arts
with Computer Science



Shree Mahendra Ratna Secondary School
Birtamode-3, Jhapa, Nepal
023-530173, 9842655530, 9842698858, 9852641101


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दुर्घटनाको पीडा कहिलेसम्म ?

दुर्घटनामा आफ्ना आफन्त गुमाउँदा कतिको पीडा हुन्छ भनेर सिमलतालमा गएर हेरे हुन्छ । त्यो रुवाँबासी , चिच्याहट देख्नेलाइ मात्र थाहा हुन्छ । कुर्सीमा बसेर देश चलाउनेलाई के थाहा ? नेपालमा प्रत्येक वर्ष सडक दुर्घटनामा परेर मृत्यु हुनेको संख्या २९ सयको हाराहारीमा छ। यसपालि सिंगै दुई वटा बस त्रिशूली नदीमा खसे। ४० जनाभन्दा बढी बेपत्ता भए। खोजी जारी छ। तर, फेला पार्ने सम्भावना अति न्यून छ। उर्लेको त्रिशूलीमा बसकै अवशेषहरू पनि भेटिन मुस्किल भएको छ।

चितवनतिर भेटिएको शव पनि तिनै बसका यात्रुको हो कि होइन थाहा छैन। रातबिरात राजमार्गबाट बस सीधै त्रिशूलीमा खस्नु प्रायः नेपालमा नियमित आकस्मिकता हुने गरेको हरेक छ वर्षायाममा। कहिले नारायणगढ मुग्लिन सडकबाट खस्छ त कहिले पृथ्वी राजमार्गमा। थुप्रै वर्ष कृष्णाभिरको पहिरोले दुःख दियो। नारायणगढ मुग्लिन सडकमा पनि पहिरो र जीर्ण सडकले हजारौं यात्रुले धेरै वर्ष दुःख पाए। नारायणगढ मुग्लिन स्तरोन्नति भए पनि त्यहाँको दुःख अझै टरेन।

यातायातका साधन दुर्घटना देशका प्रमुख राजमार्गमा मात्रै होइन, हरेकजसो सडकमा हुने गरेका छन्। राजमार्गमा बर्खाको बेला साधन ओहोरदोहोर गर्दा मौसमको अवस्था ख्याल गरिनुपर्ने थियो। सोहीअनुसार गाडी आउजाउ गर्नेलाई सतर्कता अपनाउन लगाउनुपर्ने थियो। हाम्रा राजमार्गहरूमा त्यस्तो चलन नहुँदा नै नारायणगढ–मुग्लिन सडकको सिमलतालमा यसपालि ठूलो दुर्घटना भयो।

अरू दुर्घटना हेर्दा बाढी पहिरोमात्रै कारण होइन। स्वयं गाडीको स्थिति र सडकको अवस्था अनि चलाउने तौरतरिकालगायत कारण दुर्घटना हुने गरेका छन्। त्यसका लागि गाडी चुस्त राख्नै पर्ने बाध्यकारी नियम कार्यान्वयनको कुनै संयन्त्र बनाइएको छैन। गाडी जाँचपास प्रक्रिया नै फितलो छ। अनि राजमार्गहरूमा गाडीको अवस्था जाँच गर्ने भन्ने नै हुँदैन। मात्रै नवीकरण र जाँचपास कताकति हेरिन्छ मात्रै। जाँचपासमै कमजोरी हुने भएपछि गाडीको कन्डिसन ठीकठाक नहुने भइहाल्यो।

चालकहरूलाई बेलाबेला सरोकारवाला र सम्बन्धित यातायात व्यवसायीले प्रशिक्षण दिन जरुरी छ। सुरक्षाका तौरतरिकाबारे उनीहरूलाई सचेत तुल्याइनुपर्छ। सधैं दुर्घटनाको पिर भइरहने त्रिशूली नदी किनारको राजमार्गमा छेकबारलगायत अरू सुरक्षाका उपाय अपनाउने जिम्मेवारी सडक विभागले निर्वाह गर्नुपर्छ। त्रिशूलीमा खसेर सर्वसाधारणदेखि मुलुकका ठूला नेतासम्मले ज्यान गुमाउँदा पनि राज्य संवेदनशील नहुनु विडम्बना हो।




# के डिजिटललाई उन्मुक्ति छ ?



•ध्रुवहरि अधिकारी

सूचना सञ्चार प्रविधिमा आएको परिवर्तन-परिमार्जनको वेग तीव्र छ; निरन्तर छ। यो विश्वव्यापी प्रक्रिया भएकाले नेपाल अपवाद रहन सक्ने कुरै आएन। यहाँको परम्परागत पत्रकारिता नयाँ परिस्थितिमा अनलाइन पत्रकारितासँग सामञ्जस्य राखेर काम गर्ने अभ्यास गर्दै छ। उदाहरणमा मुलुकको जेठो अखबार गोरखापत्रलाई लिन सकिन्छ, जसले मुद्रित संस्करणलाई कायम राख्दै अनलाइन संस्करण थपेर पाठकमाझ आफ्नो पहुँच बढाइरहेको छ।

हाल यो छापा विश्वका जुनसुकै कुनामा पनि इन्टरनेटको माध्यमबाट प्राप्त गरी तत्काल पढ्न सकिने भएको छ। गोरखापत्र संस्थानका अन्य प्रकाशनले पनि अनलाइन संस्करण उपलब्ध गराउँदै आएका छन्। यसै क्रममा रेडियो नेपाल र नेपाल टेलिभिजनका सेवाको चर्चा गर्न सकिन्छ। अनि यी र निजी क्षेत्रका अन्य सञ्चारगृहसमेतलाई घटना, दुर्घटनाका ताजा र सही विवरण (सन्दर्भ अनुसार चित्र र स्वरसमेत) स्रोतका रूपमा उपलब्ध गराउने संस्था राष्ट्रिय समाचार समिति (रासस) को भूमिकालाई पनि जानकारीमा लिनु वाञ्छनीय हुने छ।

मुलुकमा सञ्चालित सबै जसो सञ्चार गृहका प्रकाशन र प्रसारण माध्यमले यसै नयाँ पद्धतिमा आफूलाई ढालेका छन्। अचेल मोबाइल फोनमा समेत समाचार सामग्री र विचार हेर्न र पढ्न पाइने हुनाले जनसाधारणको आकर्षण यिनै 'नयाँ मिडिया' तर्फ लगातार बाक्लो हुँदै गएको छ। 'डिजिटल पत्रकारिता' यसै क्रममा प्रचलनमा आएको अभिव्यक्ति हो। यसलाई 'अनलाइन पत्रकारिता' का रूपमा पनि चिन्न, परिभाषित गर्न सकिन्छ।

(अनलाइन पत्रकारिता-उमेश श्रेष्ठ; यसै नामको पुस्तक। प्रकाशक : सञ्चार रजिस्ट्रारको कार्यालय, बाग्मती प्रदेश; २०७७)

**परिभाषाको पाटो**

माथि नै लेखियो, डिजिटल मिडियाले चलचित्र, नाटक, पुस्तकलगायतका माध्यमलाई समेट्दछ। यता सूचना, जानकारी, आँकडा र चित्रहरू सङ्कलन गरेर समाचारको साँचोमा ढालेर त्यसबाट उत्पादित खबर, लेख, विचार, विश्लेषण, समीक्षा पत्रकारिताको फाँटमा पर्दछन्। यसमा मूलतः प्रविधिको पक्षमा हेक्का गर्नुपर्ने हुन्छ। अन्य प्रचलित मान्यता र मार्गदर्शनमा खास अन्तर छैन।

एकछिन नेपालबाहिर (विकसित कहलिएका देश) का प्रचलन नियालौँ। डिजिटल मिडिया भन्ने शब्दावलीले कुन कुन क्षेत्रसम्म समेट्छ, त्यसको उल्लेख अमेरिकाको विस्कन्सिन विश्वविद्यालयसँग सम्बद्ध ख्यातिप्राप्त लेखक प्रोफेसर स्टिफन जेए वार्डले हालैको एक आलेखमा विस्तृत ढङ्गले गर्नुभएको छ। उहाँका अनुसार अनलाइन पत्रकारिता, ब्लग लेखन, डिजिटल फोटो पत्रकारिता, नागरिक पत्रकारिता र सामाजिक सञ्जाल सबै डिजिटल मिडिया हन्। अर्को शब्दमा डिजिटल पत्रकारिता यथार्थमा परम्परागत रूपमा उपलब्ध पत्रकारिताकै फराकिला फाँट हुन्। प्रोफेसर वार्ड डिजिटल पत्रकारिताका यिनै विधाहरूसँग गाँसिएर आउने चुनौतीलाई सम्बोधन गर्ने दायित्वलाई आचारसंहिताको दायरामा राखेर व्याख्या गर्नुहुन्छ।

परम्परागत पत्रकारितालाई जिम्मेवार, व्यवस्थित र मर्यादित राख्दै विश्वसनीयता स्थापित गर्ने प्रयोजनका लागि जुन आचारसंहिताको परिपालना हुने अपेक्षा गरिन्छ, मुख्य रूपमा तिनै सिद्धान्त, मापदण्ड र मान्यता डिजिटल वा अनलाइन पत्रकारिताको हकमा पनि लागु हुन्छन्।

यस कथनलाई अर्थ्याउन सजिलो गराउँदा काठमाडौँ र पोखराबिचको दुरी पार गर्ने तरिकासँग तुलना गरे हुन्छ। पहिले पहिले पैदल हिँडेर हप्तौँपछि मात्र पोखरा पुगिन्थ्यो। त्यसपछि हवाईजहाजले त्यही दुरी घण्टाभरमा तय गरायो। पृथ्वी राजमार्ग खुलेपछि बसद्वारा करिब छ घण्टामा गन्तव्य पुग्न पाइने भयो। बिस्तारै मिनी बस, ट्याक्सी, निजी वाहन र मोटरसाइकलको चलन आयो। अर्थात् यातायातका माध्यममा विविधता आयो तर गन्तव्य भने उही नै हो पोखरा। सडकमा गुड्दा पालना गर्नुपर्ने गति नियन्त्रणलगायतका ट्राफिक नियम सबैका लागि उही हो। बसको चालकले धेरै यात्रुको जिम्मा लिनुपर्ने हुँदा बढी सावधानी अपनाउनु पर्ला; यता ट्याक्सीचालकले सिटपेटीको मामिलामा होस गर्नुपर्ने हुन जाला। त्यसै गरी मोटरसाइकल जस्ता दुईपाङ्ग्रे वाहन कुदाउनेले गति नियन्त्रणमा चनाखो हुनु पर्छ होला।

पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) मा अनलाइन पत्रकारितालाई यसरी परिभाषित गरेको देखिन्छ, "अनलाइन सञ्चार माध्यम भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गीकार गर्दै इन्टरनेटको माध्यमबाट सङ्केत, चिह्न, अक्षर, आवाज, ग्राफिक्स, भिडिओ, एनिमेसन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोगमार्फत समाचारमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्यदृश्यका रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झिनु पर्छ।"

**सिप र प्रतिबद्धता**

आमसञ्चारको सन्दर्भमा, पाउनुपर्ने वस्तु (सेवा) भनेको समाचार भनौँ वा सूचना वा सन्देश नै हो। त्यस्तो सेवा फोन, इमेल, मेसेन्जर र भाइबर जस्ता माध्यम अथवा फेसबुक, ट्विटर (एक्स), युट्युब, इन्स्टाग्रामसमेतका सामाजिक सञ्जालमार्फत प्राप्त हुन सक्छन्। पहिले पहिले जस्तो रेडियोबाट समाचार सुन्न घण्टा घण्टाको बुलेटिन पर्खिनु परेन, आजभोलि टेलिभिजन समाचारको समय हेक्का पनि गरिरहनु पर्दैन। ताजा विवरण तुरुन्तै प्रकाशित, प्रसारित हुन्छन्। पत्रकारिता हतारको साहित्य हो भने डिजिटल पत्रकारिता अझै हतारको साहित्य मान्नुपर्ने हुन जान्छ। मूलतः वेग (गति) को कारणले गर्दा डिजिटल पत्रकारिता परम्परागत पत्रकारिताभन्दा केही भिन्न रूपमा देखिन्छ। प्रोफेसर वार्डले मिडियाजगत्मा आएको नवीनतम क्रान्तिबाट दुई वटा 'तनाउ' थपिएको कुरा औँल्याएका छन्। पहिलो, परम्परागत पत्रकारिता र आधुनिक अर्थात् अनलाइन पत्रकारिताका बिचको अन्तर; दोस्रो, साँघुरो परिधिमा सञ्चालन हुने पत्रकारिता र विश्वव्यापीस्तरमा पाठक-स्रोता-दर्शक हुने पत्रकारिताको क्षेत्रबिचको अन्तर। परम्परागत पत्रकारिताले 'तथ्य' लाई महत्व दिएर सङ्कलित विवरणलाई रुजु गर्ने, पुष्टि गराउने, सन्तुलत कायम राख्ने, निष्पक्षतामा ध्यान दिने र जथाभाबी कुरालाई सार्वजनिक पहुँचमा नलैजाने मान्यता राख्दछ भने अनलाइन पत्रकारिताको प्राथमिकतामा सूचनालाई जतिसकेको चाँडो फैलाऔँ, पारदर्शिता अपनाऔँ, कसैको पक्षपोषण नै भएछ भने पनि धेरै नसोचौँ, पेसागत प्रशिक्षण नपाएकै मानिसबाट भए पनि काम गराऔँ र आरम्भको प्रकाशन/प्रसारणमा गलत सूचना पर्छन् भने पनि परून्। पछि 'भुलसुधार' गरे भइहाल्छ जस्ता कार्यशैली अपनाउने कुरा पर्छन्। पढाइ, तालिम आदि नभएका व्यक्ति पनि अनलाइन पत्रकारितामा संलग्न हुने चलन बढेको वर्तमान अवस्थामा पत्रकारिता नै के हो ? भन्नुपर्ने बेला आएको छ भन्ने प्रोफसर वार्ड यस समस्याको व्यावहारिक हल यसरी दिन खोज्छन्- जोसँग सिप पनि छ, प्रतिबद्धता पनि छ, सही अर्थमा त्यो नै पत्रकार हो।

**सयकडा नब्बे**

प्रेस काउन्सिल नेपालबाट प्रकाशित 'आचारसंहिता' (२०७६) नै परम्परागत पत्रकारिता र अनलाइन पत्रकारिता दुवैले पालना गर्नुपर्ने व्यवस्था छ। अर्थात् डिजिटल वा अनलाइनका लागि बेग्लै संहिता छैन। यसको अर्थ जुन रङ वा रूपको पत्रकारिता गरे पनि सिद्धान्त र मान्यता एक समान ढङ्गले पालना गरिनु पर्छ। प्रेस काउन्सिल नेपालबाट प्राप्त जानकारी अनुसार आचारसंहिताको उल्लङ्घन भयो जाँच गरिपाऊँ भन्ने प्रकृतिका जति उजुरी पर्छन्, तिनमा सयकडा ९० अनलाइन पत्रकारिताको विरुद्धमा परेको पाइएको छ। धेरै जसो उजुरीकर्ताको सिकायत आफ्नो चरित्रहत्या भएको र मानहानि भएको भन्ने किसिमका जिकिरमा आधारित हुने गर्छन्। कुनै कुनै उजुरी एउटा माध्यमले प्रकाशित गरेको सामग्री अन्य माध्यमले मूल स्रोत नखुलाई 'हुबहु' प्रकाशित गरेको मामिलामा परेको देखिन्छ। यसरी हुबहु गरिदिँदा जसको चरित्रहत्या भएको छ, उसलाई थप मर्का पर्ने, थप मानमर्दन हुने गुनासो आउनु स्वाभाविक हो तर देशमा रहेका चार हजार छ सयभन्दा बढी अनलाइनले के कस्ता सामग्री वितरण गर्छन्, त्यसको अनुगमन कार्य सहज छैन। अनलाइन माध्यमले एकचोटि प्रकाशित गरेको समाचार सामग्री झिक्न (डिलिट गर्न) नपाइने व्यवस्था छ। कदाचित् झिक्नु परेमा त्यसको कारण खुलाई क्षमायाचना गर्नुपर्ने हुन्छ तर यो बाटो छोडेर छापिएको खबरका आधारमा सौदाबाजी गरीकन त्यसबाट आर्थिक लाभ उठाई अनि छापिइसकेको खबर अनायास झिकिदिने गरेका अनेक सिकायत प्रेस काउन्सिलमा पुगेको बुझिन्छ। काउन्सिल साधन र स्रोतले भ्याएसम्म यस्ता माध्यमहरूको अनुगमन/निगरानीमा जुटेकै होला।

**स्वनियमको बाटो**

२०७६ सालमा जारी भएको आचारसंहिता पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालको संयुक्त प्रयासबाट तयार भएको हो। यसको तात्पर्य संहिताको पालनालाई पेसागत कर्तव्य मान्न सबै विधाका पत्रकार प्रतिबद्ध छन् भन्ने हुन्छ। यो एकप्रकारले स्वनियमनको प्रक्रिया हो। यसको आवश्यकता पनि छ। विश्वका धेरै जसो लोकतान्त्रिक मुलुकमा यसको अभ्यास गरिँदै आएको छ। स्पष्टै छ, यस्तो स्वनियमनको अभ्यास सञ्चारगृहहरू आफैँले गर्न सकेमा नियामक निकाय (काउन्सिल) को तहसम्म पुग्नै पर्दैन। यसरी आन्तरिक विधि व्यवहारबाटै यस्ता पक्षहरू व्यवस्थित गर्दै लगिएको खण्डमा लोकतान्त्रिक परिपाटी बलियो हुँदै जानेमा सन्देह छैन।

हाल बहाल रहेको आचारसंहिता 'नेपालको संविधान २०७२' जारी भएपछि कार्यान्वयनमा आएको हो। त्यसकारण संहितामा संविधानका भावनाहरू पनि प्रतिविम्बित भएका छन्। जगजाहेर छ, संविधानमा वाक् स्वतन्त्रता, प्रकाशन/प्रसारण स्वतन्त्रता जस्ता स्वतन्त्रताको प्रत्याभूति मात्र छैन, संविधानका प्रासङ्गिक धाराहरू हेरेमा तिनमा आवश्यकता अनुसार 'मनासिब प्रतिबन्ध' लगाउन सकिने व्यवस्थासमेत गरिएको छ। राज्यले यस्तो बन्देज लगाउने परिस्थिति आयो भने प्रेस स्वतन्त्रता स्वतः कुण्ठित हुन जान्छ। लोकतान्त्रिक प्रणाली नै जोखिममा पर्न सक्छ। तसर्थ सञ्चारगृह सञ्चालक र पत्रकारहरू स्वनियमन विधि अपनाउने र प्रेस काउन्सिल जस्ता निकायको मार्गदर्शनमा अघि बढ्ने दिशामा दृढ हुनु उचित हुने छ।

# समृद्धिमुखी मौद्रिक नीति

• नीराजन ढुंगाना

वित्तीय र मौद्रिक नीति औद्योगिकीकरण, उद्यमशीलता विकास, रोजगारी सिर्जना र आर्थिक समृद्धिमा ठूलो प्रभाव पार्ने नीतिहरू हुन्। वित्तीय नीति सरकारले जारी गर्ने गर्छ भने मौद्रिक नीति हरेक देशका केन्द्रीय बैंकहरूले जारी गर्ने गर्छन्। वित्तीय नीति कर, सरकारी लगानी अतः खर्चसँग सम्बन्धित हुन्छ। वित्तीय नीतिले सरकारी खर्च, कुल उपभोग, औद्योगिकीकरण, उत्पादन वृद्धि, निर्यात वृद्धि, रोजगारी सिर्जना र आर्थिक वृद्धिमा गहन प्रभाव पार्ने गर्छ। समद्धिका हासिल गर्न वित्तीय नीतिले आर्थिक समृद्धिको सिर्जनशील बाटो समाउन सक्नुपर्छ र मौद्रिक नीतिले समृद्धिलाई बलियो टेवा दिनुपर्छ।

कोभिडपछि नेपाली अर्थतन्त्र संकट उन्मुख भयो। यद्यपि अघि पनि अर्थतन्त्र खासै आशाजनक त थिएन तर निराशामुक्त थियो। आर्थिक वृद्धि केही सन्तोषजनक थियो। सन् २०१६ मा ऋणात्मक -०.५ प्रतिशत रहेको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सन् २०१७ मा ७.७ प्रतिशत पुगेको थियो। सन् २०१८ मा क्रमश ६.४ प्रतिशत २०१९ मा ५.५ प्रतिशत वृद्धि भएको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सन् २०२० मा ऋणात्मक -४.१ प्रतिशत, सन् २०२१ मा २.४ प्रतिशत र २०२२ मा ३.९ प्रतिशत पुनः २०२३ मा ०.८ प्रतिशतले मात्र वृद्धि भएको थियो। यसरी प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धिदर हेर्दा राजनीति जस्तै नेपालको अर्थतन्त्र अत्यन्तै अस्थिर वृद्धिदरबाट गुज्रिएको छ। अर्कोतिर सन् २०२१ र सन् २०२२ मा गरेको वृद्धिदर सन् २०२३ मा कायम हुन सकेन। यसले वित्तीय र मौद्रिक नीतिबीचमा समन्वय नभएको संकेत गर्छ।

व्यापार व्यवसायको अवस्था निकै पेचिलो बनेको छ। सरकारले आफैं निर्माण व्यवसायीको अर्बौं भुक्तान गर्न सकेको छैन। सरकारले नै भुक्तान गर्न नसकेपछि उनीहरूले कर्जाको ब्याज र सावाँ भुक्तान गर्न सक्ने कुरा भएन। अर्कोतिर मागमा ठूलो गिरावट आएको छ। कोभिड अगाडि जति बिक्री थियो अहिले त्यसको ४० देखि ५० प्रतिशतमात्र व्यापार छ। व्यवसाय करिब ४० देखि ५० प्रतिशत कम भएको अवस्थामा बैंकको ब्याज भने बढेर १६ देखि १७ प्रतिशत पुग्यो। कोभिडले डसेको अर्थतन्त्र गलत मौद्रिक नीतिको फलस्वरूप, तीव्र ब्याजदर वृद्धिपछि थप शिथिल भयो। गलत ब्याजदर नीतिको परिणामस्वरूप बैंकहरूको एनपीए उच्च दरमा वृद्धि भएको छ।

कालोसूचीमा सूचीकृत हुने ऋणीहरूको संख्या तीव्र रूपमा बढेको छ। नीतिगत अपरिपक्वता र ब्याजदरमा अस्थिरताको कारण व्यवसायीहरू कर्जा लिन तयार छैनन्। फलस्वरूप बैंकिङ क्षेत्रमा तरलता अकासिएको छ। ७ प्रतिशत ब्याजमा लिएको ऋण १७ प्रतिशत पुग्नु नीतिगत अस्थिरता र अराजकताबाहेक केही हैन। यसलाई पुष्टि गर्ने अनेकन प्रायोगिक अन्तर्राष्ट्रिय आधार र अनुभवहरू छन्।

नियामक निकायले व्यावसायिक प्रेरणा कायम गर्न सक्नुपर्छ। अर्थ मन्त्रालय र केन्द्रीय बैंकबीचमा उच्च तालमेल हुनुपर्छ। केन्द्रीय बैंकले स्थिरतासँगै समृद्धिको बाटो पनि समाउनु पर्छ। सरकारले बिदेसिएका नागरिकलाई स्वदेश फर्काउने, युवालाई स्वदेशमै रोजगारी दिने, थप माग सिर्जना गर्ने, सही औद्योगिक नीति तर्जुमा गर्ने सामर्थ्य राख्नुपर्छ। न यसका निम्ति राष्ट्र बैंकले पूर्वक्रियात्मक रूपमा सल्लाहकारको भूमिका नै निर्वाह गरेको देखिन्छ न त अर्थ मन्त्रालयमा माग सिर्जना गर्ने, उपभोग वृद्धि गर्ने शिथिल अर्थतन्त्र उकास्ने सुझबुझ देखिएको छ। तर अब राष्ट्र बैंकले यो मौद्रिक नीतिमा विगतका नीतिगत कमी, कमजोरी सच्याउन सक्नुपर्छ। अन्यथा अर्थतन्त्र र आमनागरिक अरू थप पीडादायी हुने अवस्था आउनेछ।

विगत वर्षहरूमा राष्ट्र बैंकका उच्च अधिकारीहरूले उच्च ब्याजदर वृद्धिलाई वैदेशिक मुद्रा सञ्चितिमा आएको कमीलाई कारण देखाए। सरकारले आयातमा कटौती गर्ने नीति लिएपछि आयात गर्न वैदेशिक मुद्रा उपलब्ध हुने कुरै भएन। अतः आयात बन्द गर्ने कुरा वित्तीय नीतिको कार्यक्षेत्र भयो। तर वैदेशिक मुद्रा सञ्चिति वृद्धि गर्न किन ब्याजदर १७ प्रतिशत पुऱ्याउनु पऱ्यो ? अनि ब्याजदर वृद्धि हुँदा वैदेशिक मुद्रा सञ्चिति वृद्धि हुन्छ ? नीतिगत लापरबाहीको सीमा हुनुपर्छ। वैदेशिक मुद्रा उपलब्ध नहुँदा आयात स्वतः रोकिन्छ। नेपालमा 'कोभिड क्राइसिस'पछि ब्याजदर वृद्धिले हजारौं लघुवित्तका ग्राहक पीडित भए। बैंकका लाखौं ग्राहक आन्दोलनमा उत्रिए। क्रमशः व्यवस्थाप्रति नै वितृष्णा बढ्दै गयो।

अर्कैतिरबाट हेर्दा नेपालमा सन् २०२०, २०२१ र २०२२ मा मुद्रास्फीति क्रमशः ५ प्रतिशत ४ प्रतिशत र ७.६५ प्रतिशत थियो। सरकारी खर्च अत्यन्तै कमजोर भएको अवस्थामा ३.५ प्रतिशत मुद्रास्फीतिमा वृद्धि हुँदा ब्याजदर १७ प्रतिशत पुग्नुपर्छ ? गलत ढंगले ब्याज वृद्धि भएका कारण बैंकिङ प्रणालीमा नीतिगत स्थिरताप्रति लगानीकर्ताको आत्मविश्वास डगमगायो फलस्वरूप अहिले बैंकिङ प्रणालीमा तरलता थुप्रिन गयो। यसले दीर्घकालीन रूपमा लगानी प्रभावित गर्छ अतः लगानी निरुत्साहित गर्छ। यो व्यवसायको आत्मविश्वासलाई राष्ट्र बैंकले कसरी माथि उठाउँछ ?

मुद्रास्फीति नियन्त्रण गर्न चीन सरकारले खर्च कटौती गऱ्यो। अतः 'फिस्कल' 'मेजर' गऱ्यो र मुद्रास्फीति नियन्त्रणमा लियो। चीनले त्यसपछि निरन्तर औसत १० प्रतिशत वृद्धिदर हासिल गऱ्यो। यदि यो कदम गलत भए चीनले निरन्तर कसरी १० प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न सक्यो ? विश्वभरका अर्थशास्त्री चीनको केन्द्रीय बैंक र अर्थ मन्त्रालयको यो कदमले आश्चर्यचकित भए। आर्थिक समृद्धिमा सिर्जनशील र मौलिक रणनीति प्रयोग गरेर ऐतिहासिक सफलता हासिल गरेपछि विश्वभरिका प्रबुद्ध अर्थशास्त्रीहरू चिनियाँ आर्थिक विकास रणनीतिको खोज र अनुसन्धानमा केन्द्रित छन्।

मूलभूत रूपमा हाम्रोजस्तो विकासशील देश नेपालमा कमजोर पूर्वाधार समद्धिको मूल अवरोध हुने गर्छ। अहिले पनि अफ्रिकन देशहरूमा परिवहन बिमा लागत विश्वकै औसत लागतको तुलनामा २५० प्रतिशत छ। हाम्रो देशमा पूर्वाधारको अवस्था कमजोर छ। आर्थिक मन्दीको अवस्थामा सरकार अर्थमन्त्री र मन्त्रालयले भौतिक पूर्वाधारमा ठूलो लगानी गर्नुपर्छ। परियोजना छनोट गर्दा अल्पकालीन माग सिर्जना गर्ने परियोजना छनोट गर्नुपर्छ र त्यस्ता परियोजनाले दीर्घकालीन वृद्धि गर्न सकोस्। प्रधानमन्त्री कार्यालय र अर्थ मन्त्रालयले यो सक्षमता राखेको देखिँदैन।

अब आउने मौद्रिक नीतिले काउन्टर साइकिल अवसरका निम्ति ब्याजदर नीतिलाई प्रयोग गर्नुपर्छ। पूर्वाधार परियोजना जसले अल्पकालीन माग सिर्जना गर्छन् र दीर्घकालमा उत्पादकत्व वृद्धि गर्न सक्छन्। त्यस्ता परियोजनामा लगानी प्रोत्साहन गर्नुपर्छ। शिथिल अर्थतन्त्रलाई उकास्न व्यवसायीको आत्मविश्वास र प्रेरणा जगाउन मौद्रिक नीति सक्षम हुनुपर्छ। परम्परागतभन्दा माथि उठेर मौद्रिक नीतिले बृहत् मूल्यशृंखला सिर्जना गर्ने कृषि प्रशोधन उद्योगहरू, निर्यात प्रवर्द्धन गर्ने र विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने निर्यातजन्य वस्तु उत्पादन गर्ने, आयात प्रतिस्थापन उद्योगहरूलाई प्राथमिकतामा राखेर ब्याजदर अनुदानको व्यवस्था गर्नुपर्छ।

उत्पादनशील र निर्यातमूलक क्षेत्रका निम्ति पूर्वाधार विकास र पूर्वाधार विकास निर्माण परियोजनाका क्षेत्रमा लचिलो कर्जा नीति अवलम्बन गर्नुपर्छ। आर्थिक विकासका अवरोधहरूलाई मौद्रिक नीतिमार्फत हटाउनु पर्छ। आधुनिक विकासको युगमा मौद्रिक नीतिका माध्यमबाट केन्द्रीय बैंकहरू आर्थिक विकास र समृद्धिमा जिम्मेवार भूमिका निर्वाह गरिरहेका छन्। चीनको केन्द्रीय बैंक पिपुल्स बैंक अफ चाइना र उसले चीनको चामत्कारिक समृद्धिमा पुऱ्याएको योगदान एउटा उदाहरण हो। केन्द्रीय बैंकले नेपालमा पनि समृद्धिमुखी मौद्रिक नीतिमार्फत आर्थिक विकासमा ठोस योगदान गर्नुपर्छ।

# हल्दिबारीका कृषक र लघु उद्यमीलाई सामग्री वितरण

झापा(प्रस) । झापाको हल्दिबारी गाउँपालिकाले त्यहाँका कृषक तथा उद्यमी महिलाहरूलाई सामग्री प्रदान गरेको छ । गाउँपालिकाले सोमवार एक कार्यक्रमका बीच पाँच वटै वडाबाट छनोट भएका २०१ जना कृषकलाई विद्युतीय स्प्रे र १७५ जना कृषकलाई मकै रोप्ने आधुनिक मेसिन प्रदान गरेको हो । त्यस्तै १८ जना महिला उद्यमीलाई मागअनुसार सिलाई मेसिन, पिको मेसिन, इन्टरलक मेसिन, टेबल-सोकेस, इन्भर्टर-ब्याट्री, हेयर ड्रायर क्लिमिङ, स्ट्रेट आइरन, दुई वटा उद्यमी समूहलाई इलेक्ट्रिक सिलाई मेसिन र टेबल सोकेस प्रदान गरिएको छ ।



चालु आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रमबाट लागत सहभागितामा लगभग १५ लाख मूल्य बराबरका सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा आयोजित सामग्री हस्तान्तरण समारोहमा प्रमुख अतिथि झापा क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य एवम् पूर्व उपप्रधान, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्रप्रसाद लिङ्देन, गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, प्रमुख प्रशासकीय अधिकृत मानबहादुर (महेन्द्र) वन, राप्रपा झापा अध्यक्ष केशवप्रसाद ओझालगायतले कृषक तथा उद्यमीहरूलाई सामग्री हस्तान्तरण गरेका थिए ।

गाउँपालिकाको प्रशासनतर्फका राजन न्यौपानेले सञ्चालन गरेको समारोहमा प्रमुख अतिथि लिङ्देनले प्राप्त गरेका सामग्रीको भरपूर उपयोग गरी उत्पादकत्व बढाउन एवम् उद्यमशीलताको विकास गर्न कृषक तथा उद्यमीहरूलाई आग्रह गरे ।

नेपाललाई कृषिप्रधान देश भनिए पनि बर्सेनि अरबौं रुपैयाँको खाद्यान्न, तरकारी तथा फलफूल आयात भइरहेको भन्दै पूर्व मन्त्री लिङ्देनले प्राप्त सामग्री उपयोग गर्दै कम्तीमा आत्मनिर्भर बन्न पनि किसानलाई आग्रह गरे ।

गाउँपालिका अध्यक्ष लिङ्देनले विगतमा शतप्रतिशत अनुदानमा सामग्रीहरू वितरण गरिएकोमा त्यसबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको जनाउँदै यस पटक कृषकले अपनत्व ग्रहण गरुन् र सामग्रीको पूर्ण सदुपयोग होस् भन्ने अभिप्रायले लागत सहभागितामा सामग्री प्रदान गरिएको बताए ।

## ओली...

**शरतसिंह भण्डारी : पञ्चायतदेखि गणतन्त्रसम्म दल बदल्दै, मन्त्री बन्दै**

प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्मा लोसपाका सांसद शरतसिंह भण्डारी श्रममन्त्रीमा नियुक्त गरेका छन् । योसँगै ६९ वर्षीय भण्डारी पञ्चायतदेखि गणतन्त्रसम्म आइपुग्दा १३औं पटक मन्त्री बनेका हुन् ।

**विष्णु पौडेल आठौंपटक मन्त्री र पाँचौंपटक अर्थमन्त्री**

एमालेका उपाध्यक्ष समेत रहेका उपप्रधानमन्त्री विष्णु पौडेलले सोमबारबाट आठौं पटक मन्त्रीका रूपमा सिंहदरबारको यात्रा सुरु गरेका छन् । पाँचौं पटक अर्थ मन्त्रालय सम्हालेका उपप्रधानमन्त्री विष्णु पौडेल एमालेबाट पटक-पटक मन्त्री बन्ने एमाले नेतामा पर्छन् ।

# इटहरी उपमहानगरपालिकाको बजेट पारित

झापा(प्रस) । इटहरी उप-महानगरपालिकाले आगामी आर्थिक वर्षका २०८१/०८२ का लागि ल्याएको बजेट सोमबार पारित भएको छ । गत असार १० को नगरसभाले इटहरी उपमहानगरपालिका-६ का वडाध्यक्ष दिवश पोखरेलले ३ अर्ब ५७ करोड ८४ लाख ५० हजार रुपैयाँको बजेट पेश गरेका थिए । तर, एमालेका वहुमत सदस्यहरुको विरोधपछि बजेट पास हुन पाएको थिएन।

उपमेयर सङ्गिता चौधरीले असन्तुष्टि जनाउँदै अनुपस्थिति जनाएपछि वडा अध्यक्ष दिवस पोखरेलले विनियोजन बिधेयक र अर्थ बिधेयकमा छलफल चलाएका हुन् ।

पारित बजेटमा संघीय समानीकरण



अनुदान २९ करोड ५६लाख, संघीय सशर्त अनुदान चालुतर्फ ४९ करोड ४३ लाख र संघीय सशर्त अनुदान पुँजीगततर्फ ८१ करोड ९३ लाख ११ प्राप्त हुने उल्लेख छ । त्यस्तै, संघीय समपुरक अनुदान ४ करोड, संघीय विशेष अनुदान ५ करोड आउने प्रक्षेपण गरिएको हो ।

प्रदेश समानीकरण अनुदान १ करोड ९४ लाख, प्रदेश सशर्त अनुदान चालु खर्चतर्फ ३२ लाख ३८ हजार, प्रदेश सशर्त अनुदान पुँजीगत खर्चतर्फ २ करोड ४४ लाख र प्रदेश समपुरक अनुदान १ करोड ७७ लाख आउने बजेटमा उल्लेख छ ।

संघीय राजश्व बाँडफाँट १९ करोड ११ लाख, प्रदेश राजश्व बाँडफाँट (सवारी कर) २ करोड ३३ लाख र प्रदेश राजश्व बाँडफाँट (मालपोत रजिष्ट्रेसन) ५६ करोड अनुमान गरिएको हो ।

चालु खर्चतर्फ १ अर्ब ४१ करोड ३४ लाख ३७ हजार अर्थात कुल बजेटको ३९.५ प्रतिशत खर्च गर्ने उपमहानगरपालिकाको योजना छ । वित्तीय व्यवस्था अन्तर्गत साँवा ब्याज भुक्तानीतर्फ ९० लाख अर्थात कुल बजेटको ०.२५ प्रतिशत र पुँजीगततर्फ २ अर्ब १५ करोड ६० लाख (६०.२५%) खर्च गर्ने बजेटमा उल्लेख छ । जसमध्ये बिषयगततर्फ ३० करोड, वडा सीमातर्फ ३८ करोड, नगरस्तरीय योजनाको लागि ८ करोड विनियोजन गरिएको छ ।

## दाहाल...

पनि सम्हालिरहेका छन् ।

नेपालमा पञ्चायती निरंकुशताको जगजगी भइरहेको बेला त्यसविरुद्ध २०३६ सालमा उठेको विद्यार्थी आन्दोलनबाट प्रभावित भएर किशोरावस्थादेखि नै दाहाल कम्युनिष्ट पार्टीको राजनीतिमा प्रवेश गरेका थिए ।

लामो समयसम्म झापाको राजनीतिमा रहेर विभिन्न तहको जिम्मेवारी पूरा गरेका नेता दाहाल संगठन सञ्चालन काम गर्ने क्रममा २०४५ सालदेखि तत्कालीन नेकपा मालेको झापा जिल्ला कमिटीमा आवद्ध भए भने सोही बेलादेखि २०५१ सालसम्म नेकपा मालेदेखि एमालेसम्मको जिल्ला कमिटी सचिवालयको जिम्मेवारीमा रहेर काम गरे ।

२०५१ देखि २०५३सम्म जिल्ला उपसचिव रहेका दाहाल २०५३ जेठ २३ गतेदेखि २०६६ साल भदौ २७ गतेसम्म एमाले झापाको नेतृत्व सम्हाले । करिब १३ वर्ष अर्थात चार कार्यकाल झापा एमालेको नेतृत्व गरेको उनीसँग अनुभव छ । झापामा २०५४,२०५६ सालको आम निर्वाचन र २०६४ सालको संविधानसभा निर्वाचनमा पार्टी कमाण्डसमेत उनले सम्हालेका थिए ।

**जागिर छोडेर राजनीति**

राजनीतिक परिवर्तनका लागि उनी २०५१ सालदेखि शिक्षकको जागिर राजीनामा गरेर राजनीतिको पूर्णकालीन भए । दाहालले विज्ञान शिक्षकका रुपमा १३ वर्ष शिक्षण गरेका थिए । त्यसपछि जनताको मुक्तिका लागि भन्दै राजीनामा गरेर राजनीतिमा होमिए ।

कुनै बेलाको शिक्षक भएकाले अहिले पनि झापाका धेरैजसोले उनलाई देवेन्द्र कमरेड भन्दा पनि देवेन्द्र सर भनेर संवोधन गर्ने गर्दछन् । राजनीतिक परिवर्तनमा खास समयमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका उनले २०४६ सालको जनआन्दोलनमा जिल्ला जनआन्दोलन मुल समितिको जिम्मेवारी र २०६२/०६३ सालको जनआन्दोलनमा झापाको कमाण्डरको जिम्मेवारी पनि उनको काँधमा थियो ।

देश संघीय संरचनामा गएपछि बनेको प्रदेश कमिटी अन्तरगत २०७३ सालमा उनलाई नेकपा एमाले प्रदेश नं १ कमिटीको सदस्यको जिम्मेवारी आयो । २०७५ जेठ ३ गते नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकता भएर बनेको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाहको अवसर पाएका दाहाल २०७८ मंसिरमा चितवनमा भएको नेकपा एमालेका दशौं महाधिवेशनबाट पार्टीको पोलिटव्यूरो सदस्य निर्वाचित भंएर हालसम्म कार्यरत रहेका छन् ।

**पार्टी अध्यक्षको सारथी**

पार्टी अध्यक्ष केपी शर्मा ओलीले झापाबाट संसदीय निर्वाचनमा भाग लिने क्रममा सवैजसो चुनावको कमाण्डर बनेर उनले सारथीको भूमिका निर्वाह गर्दै आएका छन् । यस्तै २०७२ सालमा ओली प्रधानमन्त्री भएका बेला नेता दाहालले उनको जनसम्पर्क सल्लाहकारको भूमिका निर्वाह गर्ने अवसर समेत पाए । त्यसैगरी २०७६ मा भएको राष्ट्रियसभाको निर्वाचनमा निर्वाचित भएपछि उनले संसदमार्फत आम जनताका समस्यामा सरकारको ध्यानाकर्षण गर्ने र जनताका पक्षमा नीति र ऐन कानुन बनाउन आफ्नो भूमिका केन्द्रित गरेका छन् । राष्ट्रियसभा सदस्यबाट दलको प्रमुख सचेतक हुँदै दलको नेताको भूमिका पनि निर्वाह गरेका छन् । यसअघिको गठवन्धन सरकारको समयमा सिंगो सत्तापक्षीय संसदीय दलको नेताको रुपमा पनि उनले राष्ट्रिय सभामा जिम्मेवारी पूरा गरे ।

**हिरासतदेखि विदेश भ्रमण**

२०४२ सालमा शिक्षक आन्दोलनका क्रममा उनलाई प्रहरीले हिरासतमा राखेको थियो भने २०४६ को जनआन्दोलनमा पनि हिरासतमा परेका उनी जनआन्दोलनको सफलतापछि रिहा भएका थिए ।

उनीसँग चीन,भारत,अमेरिका,यूएई जस्ता देशको भ्रमण गरेको अनुभव छ । उनको विचारमा राजनीति एउटा समाज परिवर्तनको महाअभियान हो । यसका लागि लामो धैर्यताको आवश्यकता पर्दछ । उनी भन्छन् ,'राजनीतिलाई स्वार्थका लागि प्रयोग गर्नु हुँदैन,यसलाई त राष्ट्रियता,जनजीविका र समाज सुधारको माध्यम बनाउनु पर्दछ ।'

नेता दाहालका एक छोरा रुपक र एक छोरी संगीताले उच्च शिक्षा अध्ययन गरिसकेर आ-आफ्नो पेशामा स्थापित भइसकेका छन् । कुनै पद वा जिम्मेवारी पाउँदा उत्तेजित नहुने र नपाउँदा निराश पनि नहुने स्वभाव भएका नेता दाहाल हाल श्रीमती दुर्गासँग भक्तपुरमा अस्थाई बसोबास गर्दै आएका छन् ।

## भण्डारी...

पञ्चायत व्यवस्था पतन र बहुदलीय व्यवस्था स्थापनासँगै करिब ५ वर्ष भण्डारीको राजनीतिक चढाव रोकिन पुग्यो । ०४६ सालमा पञ्चायत व्यवस्थाका समर्थकहरूले चुनाव उठ्ने हिम्मतै नगरेकाले भण्डारीको पनि ०४८ सालको आमनिर्वाचनमा चहलपहल देखिएन । तर ०५१ कात्तिकको मध्यावधि निर्वाचनमा उनी फेरि महोत्तरीबाट स्वतन्त्र रूपमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए । त्यसपछि ०५२ मंसिर २७ मा शेरबहादुर देउवाको मन्त्रिपरिषदमा उनी राज्यमन्त्री बने ।

म न म ा ` ह न अधिकारीको अल्पमतको सरकार ढलेपछि बनेको देउवाको जम्बो मन्त्रिपरिषद्मा उनी बिनाविभागीय राज्यमन्त्री भए । ०५३ जेठ ४ मा देउवाको मन्त्रिपरिषद्मा हेरफेर हुँदा पनि उनले बिनाविभागीय राज्यमन्त्रीमै निरन्तरता पाए । सोही वर्षको जेठ २८ र पुस २४ मा देउवाको मन्त्रिपरिषद् फेरि हेरफेर भयो । यो पटक भने उनी बिनाविभागीय मन्त्री बने ।

देउवा सरकार विघटन भई लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा बनेको एमाले सम्मिलित सरकारमा भण्डारी परेनन् । सूर्यबहादुर थापाको मन्त्रिपरिषद्मा फेरि मन्त्री बने । ०५४ असोज २७ मा भण्डारी युवा, खेलकुद तथा संस्कृतिमन्त्री बन्न सफल भए । त्यही वर्षको कात्तिक ११ मा थापाले मन्त्रीहरू हेरफेर गर्दा पनि उनले निरन्तरता पाए । थापा नेतृत्वको सरकार मंसिर १८ मा पुनर्गठन भएको थियो । त्यतिबेला पनि भण्डारीले खेलकुद मन्त्रालयको जिम्मेवारी पाए । त्यसपछि बनेको गिरिजाप्रसाद कोइरालाको मन्त्रिपरिषद्मा भने उनी परेनन् ।

०५६ सालको आमनिर्वाचनमा महोत्तरीबाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा जेठ १७ मा गठित मन्त्रिपरिषद्मा उनी पुनः युवा, खेलकुद तथा संस्कृतिमन्त्रीमा दोहोरिए । त्यसबेला काठमाडौंमा दक्षिणी एसियाली खेलकुद प्रतियोगिता सम्पन्न भएको थियो । त्यसको 'जस' भण्डारीले पाए । फेरि भट्टराईले मन्त्रिपरिषद् पुनर्गठन गर्दा ०५६ फागुन २७ मा उनले स्वास्थ्यमन्त्रीको जिम्मेवारी पाए ।

गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार आएपछि भने उनी दुई वर्ष सत्ता बाहिर रहन पुगे । गिरिजाप्रसादलाई हटाएर देउवा प्रधानमन्त्री बनेपछि ०५८ साउन ११ मा भण्डारी फेरि स्वास्थ्यमन्त्री बने । त्यही वर्ष मन्त्रिपरिषद्मा मन्त्रीहरू हेरफेर हुँदा देउवाले नै स्वास्थ्यमन्त्रीमा उनलाई निरन्तरता दिए । शाही शासन, दोस्रो जनआन्दोलन र गणतन्त्र आएपछिको पहिलो सरकारसम्म भण्डारी सत्ताबाहिर रहे ।

मन्त्री बन्न उनले ०६६ जेठ ११ सम्म प्रतीक्षा गर्नुपर्‍यो । माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्मा उनी पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । त्यसबखत उनी कांग्रेस छोडेर मधेशी जनअधिकार फोरममा लागिसकेका थिए । त्यही पार्टीबाट मन्त्री बने । ०६८ भदौमा बाबुराम भट्टराईको नेतृत्वमा गठित मन्त्रिपरिषद्मा भण्डारी रक्षामन्त्री बन्न सफल भए । त्यसबेलासम्म उनी मधेशी जनअधिकार फोरम (उपेन्द्र यादव) त्यागेर विजयकुमार गच्छदारको मधेशी जनअधिकार फोरम लोकतान्त्रिकमा गइसकेका थिए । नेपाली सेनामा तराई मधेशका युवाको सामूहिक प्रवेश नभए तराई टुक्रिने अभिव्यक्ति दिएपछि उनले राजीनामा दिनुपर्‍यो ।

त्यसपछि भण्डारीले २०७८ जेठ २१ मा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्मा ऊर्जा मन्त्रालयको जिम्मेवारी पाए । यो पटक भने उनी १७ दिनमात्रै मन्त्री भए । ०७९ चैतमा पुष्पकमल दाहालले उनलाई श्रम मन्त्रालयको जिम्मेवारी दिएका थिए । ११ महिनासम्म श्रममन्त्री भएका भण्डारी दाहालले कांग्रेससँगको गठबन्धन तोडेर एमालेसँग सरकार बनाएपछि सत्ता बाहिर पुगे ।

तर, त्यसको चार महिनामै उनी फेरि श्रम मन्त्रालयमा फर्किएका छन् । लोसपाका अध्यक्ष महन्थ ठाकुरको रोजाइमा परेपछि उनी श्रममन्त्री बनेका हुन् । मन्त्रालयको जिम्मेवारी लिएलगत्तै मन्त्री भण्डारीले वैदेशिक रोजगार ऐन र श्रम ऐन परिमार्जन गर्न अलग-अलग कार्यदल गठन गर्ने र आगामी आर्थिक वर्ष मन्त्रालयले बनाएको कार्ययोजनालाई लागू गर्ने निर्णय गरेका छन् । 'यो स्थायित्व बोकेको सरकार हो । हामीलाई कुनै किसिमका नाटक वा स्टन्ट गर्ने छुट छैन । नतिजा दिन सकेनौं भने हाम्रो असफलता हुन्छ,' कार्यभार सम्हाल्दै मन्त्री भण्डारीले भने, 'आन्तरिक रोजगारको सुनिश्चितता र वैदेशिक रोजगारमा भएका विकृति हटाउन चालिएका नीतिगत सुधारलाई निरन्तरता दिनेछु ।'

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने